निर्णय प्रमाणित

राम चन्द्र ढेहता
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्या :- ११५

बैठक मिति :- २०७८।११।१९

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

शिक्षा विकास निर्देशनालय प्रदेश नं. १ धनकुटाको मिति २०७८।११।०५ च.नं. १९२ को पत्र अनुसार सामाजिक विकास मन्त्रालय, प्रदेश नम्वर १ विराटनगरको च.न. १३७२ मिति २०७८।१०।१६ को पत्रबाट मिति २०७८।१०।१४ (सचिवस्तर) को निर्णय अनुसार संघिय ससर्त अनुदान तर्फ इटहरी उपमहानगरपालिकाको वडा नं. ५ स्थित इटहरी व्याडमिन्टन क्लवको कवर्ड हल निर्माणको लागि रु १०,००,०००/- (अक्षरेपी दश लाख रुपैयाँ मात्र) विनियोजन भएकोमा उक्त योजना आ.व. २०७८।७९ मा नै सम्पन्न गर्ने प्रतिवद्धताका साथ शिक्षा विकास निर्देशनालय प्रदेश नं. १ धनकुटा सग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

चालु आ.व.२०७८।०७९ को लागि वुढीखोला बाट नदिजन्य पदार्थहरुको उत्खनन तथा संकलन ढेक्का र कवाडी करको ठेक्काको लागि हाल सम्म ठेक्का नलागेको हुदा राजश्व परामर्श समितिको निणर्य बमोजिम न्युनतम अक २५।२५ लाख कायम गरी पुन: सुचना प्रकाशन गर्ने निर्णय भएको हुदा सोही बमोजिम आवश्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

राम चन्द्र ढेहता
प्रमुख प्रशासकीय अधिकृत